अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्या:** ११/०७९/०८०  **मिति:**२०७९/०९/२०

**अध्यक्षता:** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थिति:**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७९साल पौष २० गते बसेको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. **अघिल्लो बैठकको समिक्षा**

अघिल्लो कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

२. **सेवा प्रवाहको समिक्षा**

अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरुबाट प्रवाह हुने सार्वजनिक सेवाका सम्बन्धमा हुँदा सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाई सेवाग्राहीलाई समयमै सेवा प्रदान गर्न वडा कार्यालयहरुमा दक्ष जनशक्तिको अभाव रहेको, पर्याप्त श्रोत साधनको कमि रहेको सम्बन्धमा कार्यालयमा उपलब्ध श्रोत साधन तथा जनशक्तिको उच्चतम उपभोग गरी नगरपालिकाको नीति कार्यक्रमलाई समयमै सम्पन्न गर्दै सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाउने विषयमा छलफल गरियो ।

३. **विभिन्न शीर्षकहरुमा विनियोजित बजेट बाँडफाँड गर्ने सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत देहाय बमोजिम शीर्षकहरुमा विनियोजित बजेट कार्यान्वयन गर्नका लागि वडा कार्यालयहरुले निम्न बमोजिम कार्यक्रम छनौटका गरी आगामी बैठक अगावै नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने र आगामी कार्यपालिकाको बैठकबाट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

(१) स्वच्छ खानेपानी आयोजनाका लागि विनियोजित बजेट रु २० लाख र खानेपानी शीर्षकका लागि सबै वडाले रु ६ लाखका दरले कार्यक्रम छनौट गरी पेश गर्ने ।

(२) सिँचाई शीर्षकमा विनियोजित बजेट रु ५० लाखका लागि वडा नं ३,४,५,७,८,९ र ११ नं वडाले रु ६ लाखका दरले कार्यक्रम छनौट गरी पेश गर्ने ।

४. **तटबन्धन कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तटबन्धनका लागि रु २ करोड ५० लाख विनियोजन भएकोमा अघिल्लो कार्यपालिकाको बैठकमा तटबन्धन गर्ने स्थान छनौट गर्न गठित कार्यदलको सिफारिस बमोजिम तटबन्धन गर्ने स्थान छनौट गर्ने, सो कार्यका लागि आवश्यक सामाग्रीहरु विनियोजित बजेटबाट कार्यालयबाटै खरिद गर्ने र सो स्थानमा तटबन्धन गर्नका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सुचिकृत बेरोजगार व्यक्तिहरुबाट श्रम प्राप्त गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

५. **नविकरणीय उर्जा कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० का लागि स्वीकृत बजेट तथा कार्यक्रमको सशर्त कार्यक्रम अन्तर्गत नविकरणीय उर्जका लागि रु ८ विनियोजन भएकोमा उक्त रकममा सम्बन्धित उपभोक्ताबाट २० प्रतिशत लागत साझेदारी हुने गरी आवश्यक संख्यामा विद्युतीय चुलो खरिद गरी सबै वडामा वितरण गर्ने निर्णय गरियो ।

६. **साझेदारी रकम बाँडफाँड सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत र १ करोड विनियोजन भई सो रकमबाट साझेदारी गर्न इच्छुक उपभोक्ताहरु प्रस्ताव माग गरी लागत अनुमान तयार गर्दा लागत स्टमेट बमोजिम नगरपालिकाबाट रु १ करोड ९५ लाख रकम साझेदारी गर्नुपर्ने देखिएकाले यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को प्रदेश सरकारसँग राजश्व बाँडफाँड गर्न बाँकी रहेको दहत्तर बहत्तरको रकममध्येबाट आगामी नगर सभाबाट चालु आर्थिक वर्षको संशोधित आयव्ययको अनुमान पेश हुँदा साझेदारी शीर्षकमा थप रु ९५ लाख बजेट व्यवस्था गरी पेश भएका अनुसुची १ बमोजिमका आयोजनाहरुका लागि तोकिए बमोजिम साझेदारी हुने गरी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

७. **समपुरक अनुदान/विशेष अनुदानका लागि योजना छनौट सम्बन्धमा ।**

राष्ट्रिय योजना आयोगबाट समपुरक अनुदान तथा विशेष अनुदानका लागि प्रस्ताव पेश गर्न प्रकाशित सूचना बमोजिम आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि देहाय बमोजिम प्राथमिकताक्रममा रहेका आयोजनाहरुको प्रस्ताव तयार गरी पेश गर्ने निर्णय गरियो ।

| अनुदानको किसिम | आयोजना (प्राथमिकताक्रम अनुसार) |
|---|---|
| समपुरक अनुदान | १. महानन्द चौकबाट माता मन्दिर, लक्ष्मी मा.वि. हुँदै प्रणामी मन्दिर जोड्ने सडक विस्तार तथा नाला निर्माण<br>२. भोर्लेनीबाट पूर्व वडा नं २ र ३ को सिमाना हुँदै जाने सडक विस्तार तथा कालोपत्रे |
| विशेष अनुदान | १. शनिश्चरे खानेपानी तथा लटरे खानेपानी आयोजना स्तरोन्नति तथा विस्तार<br>२. ठूलो नेते खोलामा तटबन्धन<br>३. मदन भण्डारी राजमार्गको दक्षिण टाङटिङ खोलाको दुवैतर्फ तटबन्धन वडा नं २ |

८. **लागत साझेदारी सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०७९/०८० का लागि नेपाल सरकारको तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत यस नगरपालिकाका दुई वटा आयोजनाका लागि रु ६० लाख बजेट प्राप्त भएकोमा उक्त कार्यक्रम सञ्चालनका लागि नगरपालिकाको तर्फबाट साझेदारी गर्नुपर्ने १० प्रतिशत रकम नगरपालिकको साझेदारी कार्यक्रम शीर्षकबाट व्यहोर्ने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

९. **न्यूनतम मूल्याङ्कन सम्बन्धमा।**

राष्ट्रिय भूमी आयोगद्वारा तोकिएको समयमा फाराम पेश गर्ने अव्यवस्थित बसोवासीहरुले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्न नेपाल सरकारद्वारा तोकिएको मापदण्ड अनुसार राजश्व बापत जम्मा गर्नुपर्ने रकम यस नगरपालिका क्षेत्र भित्रको जग्गाको प्रकृति, जनताहरुको आयस्तर, भूमिको उत्पादकत्व तथा बसोवासका दृष्टिकोणले समेत अत्यन्त उच्च हुने जाने देखिएकाले झापा जिल्लाको न्यूनतम मूल्याङ्कन निर्धारण

समितिमा यस नगरपालिका क्षेत्र भित्रका अव्यवस्थित बसोवासीहरुले प्राप्त गर्ने जग्गाको न्यूनतम मूल्याङ्कन कायम गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

१०. **तटबन्धन गर्ने क्षेत्रमा मेसिन प्रयोग सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं २ औद्योगकि ग्राम जाने बाटोमा तटबन्धनका लागि कार्यालयबाट मति २०७९/०९/०५ गते दिबिसा कन्स्ट्रक्सन एण्ड इञ्जिनियरिङ्ग प्रा.लि. काठमाडौंसँग ठेक्का (AM/NCB/WORKS/06-079/080) सम्झौता गरिएकोमा उक्त स्थानमा तटबन्धन गर्नका लागि त्यस स्थानमा रहेको नदीजन्य पदार्थ मापदण्ड बमोजिम उत्खनन तथा व्यवस्थापन गर्न हेभी मेसिनरी उपकरण सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

११. **विविधः**

(१) जोखिम गर्भवति महिला साहयता कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

(२) अर्जुनधारा नगरपालिकाद्वारा वडा नं ८ मा निर्मित कृषि बजार सञ्चालनका लागि उक्त बजार क्षेत्रमा पुरुवा हाल्नु पर्ने भएकाले नगरपालिकाद्वारा आइइइ गरिएको सुखानी खालाको क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरी कृषि बजारमा लगाउने निर्णय गरियो ।

(३) चालु आर्थिक वर्षमा संघीय सरकारबाट हस्तान्तरित शसर्त कार्यक्रम अन्तर्गत कालिखोला राजपैनी र खयरगाछी पैनी सिँचाई वडा नं ४ का लागि रु २० लाख विनियोजन भई आएकोमा उक्त आयोजना दुई फरक फरक आयोजना रहेकाले कालिखोला राजपैनी सिँचाईका लागि र १० लाख र खयरगाछी पैनी सिँचाईका लागि रु १० लाख खर्च गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

(४) अर्जुनधारा नगरपालिका, ८ नं वडा समितिको मिति २०७९/०७/१८ को निर्णय एवं वडा कार्यालयको च.नं. ७८० मिति २०७९/०९/०५ को पत्र बमोजिम वडा नं ८ को वडास्तरीय योजना अन्तर्गत साझेदारी कार्यक्रमका लागि विनियोजित बजेट रु १० लाखलाई उपभोक्ताले ३० प्रतिशत लागत साझेदारी गर्ने गरी देहाय बमोजिम बाँडफाँड गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम | रकम |
|---|---|---|
| १ | हाते च्यापकटर मेसिन वितरण कार्यक्रम | २ लाख |
| २ | कुमारी भण्डारीको घरबाट पश्चिम कालोपत्रे/ सुनौलो मार्ग | २ लाख ५० हजार |
| ३ | स्टेण्ड सहितको डस्टविन वितरण | १ लाख |
| ४ | जलेश्वर पेट्रोल पम्पबाट पूर्व प्लम्ब निर्माण | २ लाख ५० हजार |
| ५ | हात्तिकिल्लाको रानागाउँको चौतारा निर्माण | ५० हजार |

(५) राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन इकाई सलकपुर, मोरङ्गको च.नं.२१४ मिति २०७९/०९/२० गतेको पत्रबाट अनुरोध भए बमोजिम टाङटिङ खोलामा तटबन्ध निर्माण कार्य गर्न एक्साभेटर, व्याक हो लोडर, ट्रिपर ट्रक जस्ता हेभी इक्विपमेण्टहरु निर्माण कार्य अवधिसम्म श्री बाँगेडाँगी संरक्षण नदी नियन्त्रण उपभोक्ता समिति अर्जुनधारा-४ र टाङटिङ नदी पश्चिम किनारा तटबन्धन उपभोक्ता समिति अर्जुनधारा-४ लाई सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।